१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २४५ ॥ २०८२ कातिक १६ गते आईतबार (2nd Nov 2025 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# फिल्मीशैलीमा माईधारका सरोजको हत्या

झापा, कात्तिक १५ । फिल्मी शैलीमा झापा शिवसताक्षी १० माईधारका ३३ वर्षीय सरोज शर्माको हत्या भएको छ । ६ दिनअघि कारसहित बेपत्ता पारिनु , त्यसको चार दिनपछि उनको कारलाई चारआली जंगलमा लगेर आगो लगाउनु र त्यसको दुई दिनपछि सरोजको शव बिरिङ पुलमुनि गाडिएको अबस्थामा भेटिनुलगायतका घटनाक्रमले हत्या फिल्मीशैली जस्तै सस्पेन्स देखिएको छ । सो हत्या ४-५ जनाको समूहले गरेको पक्राउ परेका आरोपितहरुले बयान दिएका छन् । पक्राउ परेका शिवसताक्षी १० माईधारका २५ वर्षीय सुनिल साह र सोही ठाउँ बस्ने राहुल साहले प्रहरीलाई त्यस्तो बयान दिएका हुन् । शिवसताक्षी -१० माईधार बस्ने सरोज शर्मा कात्तिक ९ गते आइतवार दिउँसो घरमा कोही कसैलाई नसोधी बागमति प्र.०१-०३० च ७१०४ नं. को कार लिएर घरबाट हिडेका थिए । त्यसपछि वेपत्ता भएका सरोजको कार चार दिनपछि बिहीवार विहान १०:४० बजे मेचीनगर -१३ हातेमालो सामुदायिक वनको निचाझोडा भन्ने स्थानमा चारआली-भद्रपुर सडकखण्डबाट करिब २०० मिटर पश्चिम जंगलमा जलिरहेको अवस्थामा फेला परेको थियो ।

कार आगजनी गर्ने ब्यक्तिको खोजतलास गर्ने क्रममा शुक्रवार इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी निरीक्षक सुवास केसीको कमाण्डमा खटिएको प्रहरी टोलीले सुनिल साह र राहुल साहलाई पक्राउ



गरेको थियो । इलाका प्रहरी कार्यालय झिलझिलेमा राखी अनुसन्धान गर्ने क्रममा उनीहरुले सुनिल साहलगायत ४-५ जनाको समूहले सरोजको हत्या गरि हुलाकी राजमार्गअन्तर्गत बिरिङ खोलाको पुलमुनि गाडेको बयान दिएका थिए ।

सोही बयानका आधारमा शनिवार बिहान ६ बजे इलाका प्रहरी कार्यालय राजगढबाट प्रहरी नायव निरीक्षक दिवस कार्कीको कमाण्डमा प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । थप अनुसन्धान तथा कानुनी प्रक्रियाको लागि जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी नायव उपरीक्षक . खगेन्द्रबहादुर खड्काको कमाण्डमा प्रहरी टोली खटिएर गाडिएको ठाउँबाट सरोजको शव निकालेको थियो । सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरि मृतकको शव पोष्टमार्टमको लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाइएको छ ।

यता शनिवार विहान ११ बजेतिर मृतक सरोजका आफन्त र स्थानीयले हत्यामा संलग्न सुनिल र सोही ठाउँ बस्ने बहादुर साहको माईधारस्थित घरमा ढुङ्गामुढा गरि तोडफोड गरेका छन् । सोही आक्रोशित समूहले श्याम साहको मे १ ह ७२३७ नं. को अटोमा आगजनीसमेत गरेको छ । दिउँसो स्थिति सामान्य भइसकेको थियो । इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी टोली खटिएर स्थितिलाई नियन्त्रणमा लिई तोडफोडमा संलग्नलाई तितरबितर बनाएको र हालको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । उक्त स्थानमा इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी निरीक्षक सुवास केसीको कमाण्डमा ५६ जना,सशस्त्र बेस क्याम्प शनिश्चरेबाट सशस्त्र प्रहरी नायव निरीक्षक अशोक खरेलको कमाण्डमा ११ जना प्रहरी टोली खटिएको थियो ।

(फोटो फिचर पृष्ठ ३ मा)

# चन्द्रगढी वनमा ८ जना अध्यक्षका उम्मेदवार



चन्द्रगढी(प्रस) । चन्द्रगढी सामुदायिक वन समूहको आसन्न निर्वाचनका लागि ८ जनाले अध्यक्ष पदका लागि उम्मेदवारी दिएका छन् ।


यही कात्तिक २२ गते हुने निर्वाचनका लागि प्रमुख राजनीतिक दल तथा स्वतन्त्र गरी ८ जनाले अध्यक्ष पदका लागि उम्मेदवारी दिएका हुन् । अध्यक्षका लागि नेपाली कांग्रेसको समर्थनमा गुरूप्रसाद घिमिरे, नेकपा एमालेको समर्थनमा अनुज खतिवडा, राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा चुडामणि मैनाली, नेकपा एकीकृत समाजवादीबाट हिराप्रसाद पोखरेल, जेनजी युवाहरूको समर्थनमा राजु बराल, स्वतन्त्र रूपमा रमेश न्यौपाने, पुण्यप्रसाद पोखरेल र कृष्णप्रसाद दाहालले उम्मेदवारी दिएका छन् । यसैगरी उपाध्यक्षमा ८, सचिवमा ५, सहसचिव ६ र कोषाध्यक्षमा ४ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जानकारी दिएको छ । त्यस्तै खुल्ला महिला सदस्यमा ४ जनाको उम्मेदवारी परेको छ । ५ वटा क्षेत्र रहेको समूहमा २, ५ र ९ नम्वर क्षेत्रका सहसंयोजक निर्विरोध चयन भएका छन् भने अन्य क्षेत्रका संयोजक सहसंयोजकका लागि उम्मेदवारी परेको छ ।

२६ वर्ष अघि समूहको स्वामित्वमा आएको चन्द्रगढी वन, चारआली निचाझोडा जंगल अन्तर्गत ४३०.५९ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

# मेचीनगरमा बस दुर्घटना, १३ जना घाइते

झापा(प्रस) । झापाको मेचीनगरमा बस दुर्घटना हुँदा १३ जना घाइते भएका छन् ।

शनिवार विहान ९ बजे मेचीनगर -१० धाइजनस्थित पूर्वपश्चिम राजमार्गमा काँकरभिट्टाबाट जनकपुरतर्फ जाँदै गरेको मे-१-ख २००२ नम्बरको मातृ भाग्यरेखा बस अनियन्त्रित भई ढुकुरे खोलाको कल्भर्टमा ठोक्किएको हो । बसमा सवार २० -२५ जना यात्रुमध्ये १३ जना घाइते भएका छन् ।



घाइते हुनेहरुको नामावली यस प्रकार रहेको छ ।

१. बस चालक बर्तामोड -१ बस्ने बर्ष ४६ का नारायणप्रसाद खरेल ( बायाँ खुट्टा र छातीमा चोट शिखर अस्पताल धुलाबारीमा उपचार हुँदै अवस्था सामान्य )

२. सह-चालक धनुषा क्षिरेश्वरनाथ -५ बस्ने बर्ष ५० का सत्यनारायण यादव( निधारमा चोट स्थानीय मेडिकलमा सामान्य उपचारपश्चात् डिस्चार्ज )

३. धनुषा नगराईम - ५ बस्ने बर्ष ४५ का प्रभाकर झा (अस्पताल तत्काल नखुलेको )

# दमकमा एमालेको मोटरसाइकल र्‍याली

दमक(प्रस) ।जनसंगठनहरुको सहभागितामा नेकपा एमालेले शनिवार झापाको दमकमा मोटरसाइकल र्‍याली निकालेको छ ।

एमाले दमक नगर कमिटीले संविधानको संरक्षण, संसद पुनर्स्थापना लगायतका माग राख्दै आफ्ना २३ वटा जनसंगठनहरुको सहभागितामा मोटरसाइकल



र्‍याली आयोजना गरेको थियो । पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमकमा आयोजना गरिएको मोटरसाइकल र्‍यालीमा नेता कार्यकर्ता पानीमा भिज्दै सहभागी भएका थिए ।

जनसंगठन संयन्त्र दमक नगर कमिटीका संयोजक विवेक भट्टराईको नेतृत्वमा पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, कोशी प्रदेश सभा सदस्य होम थापा, पार्टीका झापा जिल्ला इन्चार्ज रोमनाथ ओलीसहित करिब १० वटा सानो गाडी, ४५० वटा मोटरसाइकलमा गरि करिब ७०० जनाको उपस्थिति रहेको बताइएको छ ।

दमक ५ स्थित गोर्खा डिपार्टमेन्ट स्टोरबाट शुरु भएको मोटरसाइकल र्‍याली दमक ८ को सेतुमारी हाइवे रोड हुँदै पखेटे चोक, दमक २को आम्दा रोडबाट मदन डाँगी सडक,फाल्गुनन्द चोक हुँदै दमकको गणतन्त्र चोकमा आएर कोणसभामा परिणत भएको थियो ।

दमकको गणतन्त्र चोकमा भएको कोणसभालाई सम्वोधन गर्दै एमाले कोशी प्रदेश कमिटी सदस्य सुशिल राईले अहिलेको सुशीला कार्की नेतृत्वको सरकारले उपयुक्त वातावरण सिर्जना गरे एमाले चुनाववाट कदापि नभाग्ने बताए ।

# फागुन २१ को निर्वाचनका विषयमा के भन्छन् झापाली नेता ?

• **लक्ष्मी उप्रेती**

मेचीनगर । जेनजी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठन भएको अन्तरिम सरकारको डेढ महिनाको समय गुज्रिसकेको छ । भदौ २३ र २४ मा जेनजी पुस्ताले गरेको आन्दोलनपश्चात् छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने म्यान्डेटसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै प्रतिनिधिसभा विघटन भएको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा गरेका छन् । कार्की नेतृत्वको सरकारलाई छ महिनाभित्र निर्वाचन गर्ने कार्यादेश तोकिएको थियो । सरकारले तोकेकै समयमा निर्वाचन सम्पन्न गर्न सक्ने हो कि होइन भन्नेबारे आमचासो बढिरहेका बेला फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनका लागि गर्नुपर्ने कार्यहरूलाई समयबद्ध रूपमा सञ्चालन गर्न आयोगबाट निर्वाचन कार्यतालिका स्वीकृत भएको छ ।

अहिलेको जस्तै परिस्थितिमा यो सरकारले चुनाव गराउन सक्ला त ? यो प्रश्न पनि सरकारसमक्ष तेर्सिएको छ । जेनजी आन्दोलनका क्रममा लुटिएका सुरक्षाकर्मीका थुप्रै हतियार अहिले बाहिरै छन् । प्रहरी भवनहरु जलेर नष्ट भएका कारण अधिकाँश प्रहरी बाहिरै बस्न बाध्य छन् । यस्तो अवस्थामा निर्वाचनका बखत सुरक्षाकर्मीले मतदातालाई सुरक्षा दिन सक्लान त ?



थुप्रै जिज्ञासाहरु छन् । यसै विषयमा हामीले नेपालका क्रियाशील राजनीतिक दलका झापा नेतृत्वलाई फागुन २१ गते चुनाव हुन्छ कि हुँदैन ? चुनाव भयो भने पार्टीको सहभागिता के हुन्छ ? भनेर जिज्ञासा राखेका थियौं । उनीहरुले प्रस्तुत गरेको धारणा जस्ताको त्यस्तै हामीले राखेका छौ ।

**प्रेम गिरी (अध्यक्ष नेकपा एमाले झापा)**

अहिलेको परिस्थितिमा लोकतान्त्रिक मूल्यको चुनाव हुन सक्दैन । यो सरकारले दलका नेताहरुलाई हिडडुल गर्न स्थान तोक्ने काम गरेको छ ।जेलबाट निकालिएका कैदीबन्दी बाहिरै छन्, लुटिएका हजारौं हतियार र लाखौं गोली फिर्ता आएको छैन, गृहमन्त्रीजीले हतियार दलसँग पुगेको सन्देह छरेर थप उच्छृंखल वातावरण बनाइरहनुभएको छ, सर्वदलीय/सर्वपक्षीय एकता र विश्वास कायम भएको छैन, अदालतमा असंवैधानिक कदम विरुद्ध संसद पुनर्स्थापनाको बहस चलिरहेको छ, एमालेलेसंबैधानिक/ब्यवहारिक/जितजितकोरोडम्यापबाट तोकिएको समयभित्रै चुनाव भनेको छ । रोडम्यापमा जेनजीले उठाएका जायज मागको सम्वोधन र उनीहरुको संलग्नता सहितको सर्वदलीय/सर्वपक्षीय सरकार गठन गरी शान्ति, सुरक्षा र भयरहित वातावरणमा गरिने चुनाव मात्र नेपाली मतदाताले स्वीकार गर्ने परिस्थितिको दिशाबोध गरिएको छ ।यी सबै कुरालाई सरकारले जिम्मेवार र भरपर्दो अभिभावकत्व र नेतृत्व दिनै सकेको छैन, चाहेको पनि देखिदैन ।

एमाले जबजको सिद्धान्त, लोकतान्त्रिक मूल्य र जनताको अग्नि परीक्षामा टेस्टेड हुँदै आएको छ । आवधिक निर्वाचन भनेको एमालेको मूल्य हो । बिषय यतिमात्र हो यहि अवस्थामा सरकारले चुनाव गराउन सक्दैन । सुधारिएको अवस्था र न्यायालयको फैसला पनि त्यसरी नै आयो भने जनता जहाँ हुन्छन् एमाले सँगै हुन्छ । चुनावमा हामी जनतासँगै हुन्छौं ।

मिसन ०८४ को कसरत गरिरहेको एमालेले सो अघि नै चुनाव आइलाग्छ भने बिना तयारी अल्मलिएको हुन्छ र ? दुई वर्षपछिको जोहो अहिले नै आइपऱ्यो भने हाम्रो संगठन, जनसंगठन, मोर्चा संगठन र हामीमाथि अपार माया र भरोसा गर्ने मतदाता अबिचलित छन् । ध्वंश, बिनास, बिदेशीको दलाली र सेलिब्रेटी को को रहेछन् भन्ने यसपटक अझ उजागर भएको छ । एमाले बिरुद्धका भ्रम चिरिंदै गएका छन् र प्रगति, विकास, राष्ट्रको रक्षा र जनताको पहरेदारी गर्ने असल सेवक चाहिँ एमाले र अध्यक्ष केपी ओलीको नेतृत्व हो भन्ने गाउँबस्ती र शहरमा चर्चा चुलियो । संगठन र समर्थनमा जीवन चलाएको एमालेले अरु के गर्नु छ र यो नै हाम्रो अवसर र तयारी हो ।

**केशवराज पाण्डे (उपसभापति- नेपाली काँग्रेस झापा)**

नेपाली काँग्रेस पार्टी लोकतन्त्रमा विश्वास गर्छ , आज देश अत्यन्त विषम परिस्थितिबाट गुज्रिदो अवस्थामा छ जुन दुर्भाग्यपूर्ण हो । असहजताबाट सहजता पहिल्याउनु नै राजनेताहरुको मुख्य कला हो , कैयन कहालीलाग्दा घटनाचक्रहरुको संघर्षको मैदानबाट परिपक्वताका साथ सफलताको उत्कर्षमा पुगिसकेको हाम्रो ऐतिहासिक पार्टी अप्ठ्यारो परिस्थितिहरुलाई सहजताका साथ अवतरण गर्ने सिलसिलामा हामीवाट भएका कमी कमजोरीहरुलाई आत्मसात गर्दै यदि सरकारले निर्वाचन प्रकृयामा आवश्यक पर्ने शान्ति सुरक्षाको वातावरणलगायत निष्पक्षताको विश्वासको वातावरण वन्छ भने नेपाली काँग्रेस पार्टी निर्वाचनमा सहभागिता जनाउँछ ।

जहाँसम्म निर्वाचन हुने नहुने को अन्योल छ, यदि निर्वाचन गराउने सन्दर्भमा सरकारले वातावरण वन्न सकेन भने जनताले चुनेका नेतृत्वहरु निर्वाचित जनप्रतिनिधिहरु संसद् पुनर्स्थापना गरि देशको संविधान वमोजिम ट्र्याक बहिर गएको परिस्थितिलाई सही ठाउँमा ल्याउने कर्तव्य पनि लोकतान्त्रिक पार्टीको काँधमा नै आउने छ । जसलाई विचलित नभइकन 'सेफलेण्डिङ' गर्नैपर्छ किनकि हाम्रो पार्टीले जहिले पनि देशलाई अप्ठ्यारो पर्दा वा हरेक ऐतिहासिक परिवर्तनमा अभिभावकत्वको भूमिका निर्वाह गरेको छ । त्यस्तै कैयन परिस्थितिहरुको गहन विश्लेषण गर्दै , राष्ट्रिय , अन्तर्राष्ट्रिय परिस्थिति समेतलाई मध्यनजर गर्दै हरेक आवश्यक परिस्थितिहरुको विकल्पमा नेपाली काँग्रेस पार्टी आफूभित्रका कमी कमजोरीहरुलाई आत्मसात् गर्दै आफ्नो तयारीमा जुटेको छ ।

**केशवप्रसाद ओझा(अध्यक्ष-राष्ट्रिय प्रजातन्त्र पार्टी झापा)**

वर्तमान सुशीला कार्कीको नेतृत्वको सरकारले आगामी फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ । सरकारको क्रियाकलाप हेर्दा निर्वाचन हुने सुनिश्चितता देख्न सकिन्न । यो निर्वाचन तयारीका निमित्त गर्नुपर्ने कामहरूभन्दा अन्यत्र सरकारको ध्यान केन्द्रित भएको पाइन्छ । देशको वर्तमान समस्याको समाधान नयाँ निर्वाचन नै हो भन्ने कुरामा राष्ट्रिय प्रजातन्त्र पार्टी विश्वस्त छ । यही पद्धति यही प्रणाली यही संविधान अन्तर्गत गरिने निर्वाचनले दीर्घकालीन समस्याको समाधान गर्छ भन्ने कुरामा राप्रपा विश्वास गर्दैन ।

निर्वाचन प्रणालीमा परिवर्तनको जरुरी छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको स्पष्ट धारणा छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री सबैको आम सहमतिमा अभिभावकीय संस्थाको रूपमा संवैधानिक राजसंस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, विदेशमा रहेका सम्पूर्ण नेपालीहरूको मताधिकारको सुनिश्चितता, महँगो निर्वाचन प्रणालीको अन्त्यको निमित्त सांसदले मन्त्री हुन नपाउने व्यवस्था, विज्ञहरु समाबेश भएको मन्त्रिमण्डल राप्रपा यो प्रकारको निर्वाचन प्रणाली र शासकीय व्यवस्थाको पक्षमा रहेको छ ।

फेरि पनि सरकारले निर्वाचन गऱ्यो भने राष्ट्रिय प्रजातन्त्र पार्टी निर्वाचनबाट भने भाग्ने छैन । केन्द्रदेखि स्थानीय तहको टोलसम्म सांगठनिक अवस्था भएको राष्ट्रिय प्रजातन्त्र पार्टी निर्वाचनको तयारी सँगसँगै पार्टीले चाहेको निर्वाचन प्रणालीको मागसहितको जनजागरण अभियान साथसाथै अगाडि बढाएर लैजाने राष्ट्रिय प्रजातन्त्र पार्टीको हालैको केन्द्रीय कार्यसम्पादन समितिको निर्णय अनुसार तयारी प्रारम्भ गरिसकेका छौं ।

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको निर्णायकत्व नेपालीहरूकै

❖ बाँकी पृष्ठ ३ मा

## उद्धार सहयोगका लागि सेनाको टोली स्टेन्डबाई

झापा(प्रस) । बाढीग्रस्त झापा गाउँपालिकामा नेपाली सेनाको टोली स्टेन्डबाई बसेको छ ।


विगत दुई दिनदेखि अरिदमन गण चारआलीका गणपति प्रमुख सेनानी सरोज थापाको कमाण्डमा ७५जनाको टोली झापा गाउँपालिकामा स्टेन्डबाई बसेको हो । विपद उद्धारका विभिन्न सामग्री र डुङ्गासहित नेपाली सेनाको टोली झापा गाउँपालिका २ स्थित रेडक्रस भवनमा तयारी अवस्थामा बसेको प्रहरीले जनाएको छ ।

विहीवार रातिदेखिको अविरल वर्षाका कारण झापा गाउँपालिका पुनः प्रभावित बन्न सक्ने खतरा रहेको थियो । तर, शुक्रवार राति पहाडी क्षेत्रमा कम वर्षा भएका कारण माईखोलामा पानीको वहाव खासै बढेन ।

गत असोज १८ र १९ गते माईखोलामा आएको बाढीका कारण झापा गाउँपालिकाका ३४३२ घरपरिवार प्रभावित भएका थिए । त्यसबेला बाढी प्रभावितहरुको उद्धार तथा राहतका लागि नेपाली सेनाले देखाएको सक्रियता प्रशंसनीय रहेको थियो ।

## मेची नदीमा डुबेर एकजनाको मृत्यु

झापा(प्रस) । मेची नदीमा डुबेर एकजनाको मृत्यु भएको छ । शनिवार बिहान अन्दाजी १०.३० बजे भारत बक्सरभिट्टा ४ बिहारतर्फको मेची नदी किनारमा मेचीनगर १० बस्ने बर्ष ४१



वर्षीय महमद नौसादको डुबेर मृत्यु भएको हो ।

मेची नदीले बगाई नदीको दक्षिणी भागमा उत्तानो परी मृत अवस्थामा उनको शव फेला परेको थियो । घटनाबारे जानकारी पाएपछि प्रहरी चौकी मेचीपारीबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी टोली खटिएर कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ ।

## प्रधानमन्त्री कार्कीद्वारा कांग्रेस महामन्त्री थापा र शर्मासँग छलफल

झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले विभिन्न राजनीतिक दलका नेतासँग निर्वाचनका विषयमा परामर्श जारी राखेकी छन् । शनिबार उनले नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेकी हुन् ।

करिब एक घण्टा महामन्त्रीद्वयसँग आगामी निर्वाचनबारे छलफल भएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ। हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी र आउँदा दिनमा गर्नुपर्ने कामका विषयमा खुलेर कुराकानी भएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जानकारी दिए। प्रधानमन्त्री कार्कीले चुनावमा राजनीतिक दलको स्पष्ट प्रतिबद्धता आउनुपर्ने बताएकी थिइन् ।

त्यस क्रममा महामन्त्रीद्वयको भनाइ थियो, 'औपचारिक निर्णय गर्न बाँकी भएता पनि नेपाली कांग्रेस निर्वाचनमा जान प्रतिबद्ध छ। अब चाँडै निर्णय गर्छौं। नेकपा (एमाले) पनि राष्ट्रलाई निकास दिनका लागि निर्वाचनबाट भाग्न सक्दैन भन्ने नै लाग्छ। एमालेलाई मनाउन सरकारले पनि थप प्रयास गरोस्। हामी पनि प्रयास गर्छौं।'

उनीहरुले आफ्नो पार्टीले जेनजी युवालगायत अन्य दलसँग पनि तुरुन्तै गहन संवाद गर्ने बताए । जेनजीलगायत सबै राजनीतिक दलसँग गहन छलफल गरेर युवा आन्दोलनका मागलाई निर्वाचनअघि केके सम्बोधन गर्न सकिन्छ र निर्वाचनपछिको संसदको पहिलो बैठकले के के निर्णय गर्ने भन्ने विषयमा पनि अहिले नै सहमति गरेर जानुपर्ने धारणा उनीहरुले राखेका थिए ।

प्रधानमन्त्री कार्कीले एमाले नेतालाई पनि छलफलका लागि बोलाएकी छन् । शनिवार पार्टीको बैठक भएका कारण अर्को दिन भेट्ने एमाले नेतृत्वले बालुवाटारलाई जानकारी गराएको छ। प्रधानमन्त्री कार्कीले यसअघि पनि विभिन्न चरणमा फरकफरक दलका नेताहरुसँग छलफल गरेकी थिइन् । प्रधानमन्त्रीकै आह्वानमा सरकार, राजनीतिक दल र जेनजी युवाबीच त्रिपक्षीय संवाद पनि सौहार्दपूर्ण वातावरणमा सम्पन्न भइसकेको छ। यसैबीच प्रधानमन्त्री कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीको बैठक आह्वान गरेकी छन् । आइतबार दिउँसो ४ बजे बालुवाटारमा मुख्यमन्त्रीसँग बैठक गर्न लागेको उनको निजी सचिवालयले जानकारी दिएको छ।

बैठकमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार, बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थिति रहनेछ।

प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद गर्न र सहकार्य थप सघन बनाउनका लागि बैठक आह्वान गरेको उनको सचिवालयले जनाएको छ।

## एकताबारे माओवादीमा विवाद

झापा(प्रस) । पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले पार्टीका नेता जनार्दन शर्माले अराजक व्यवहार देखाएको आरोप लगाएका छन्।

शनिबार बसेको पार्टीको सचिवालय बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । उनका अनुसार बैठक राम्रो किसिमले चलिरहेको थियो तर आफ्ना कुरा राखेपछि शर्मा बाहिरिएका थिए । दाहालले शर्माको त्यो शैली राम्रो नभएको टिप्पणी गरे ।



माओवादी केन्द्रले माओवाद छोडेर पार्टी एकता गर्न खोजेको र महाधिवेशन टार्न लागेको शर्माले आरोप लगाएका थिए ।

दाहालले भने, 'केही जाँदैन, हाम्रो पार्टी सबै एकजुट भएको छ । केन्द्रीय समिति बैठकसम्म जनार्दन पनि एक हुनेछन् र हुनै पर्छ भन्ने विश्वास हामीलाई छ । बैठक राम्रो रूपमा सुरु भएको थियो । उहाँले विषय राख्नुभयो, 'ल, बस्नुस्, सबैका कुरा सुन्ने,' भनेर भनिएको थियो, तर उहाँ उठेर हिँड्नुभयो । उहाँको त्यो शैली राम्रो होइन, कसैलाई मन पर्ने शैली होइन । त्यो अराजकता हो ।' दाहालले केन्द्रीय समिति बैठकसम्म शर्मा पनि एक हुने विश्वास व्यक्त गर्दै माओवादी केन्द्र एकजुट रहेको दाबी गरे ।

माओवादी केन्द्रले नेकपा एकीकृत समाजवादी (नेकपा एस), नेकपा समाजवादी, जनसमाजवादी, नेपाल समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी (चिरन पुन) समूहसँग एकता गर्ने निर्णय गरेको छ ।

एकीकृत समाजवादीले शुक्रबार माओवादीसँग एकता गर्ने नीतिगत निर्णय गरेपछि शनिबार बसेको माओवादीको केन्द्रीय सचिवालयले नेकपा एसलगायत अन्य दलसँग एकता गर्ने निर्णय गरेको हो । यो निर्णयविरुद्ध उपमहासचिव जनार्दन शर्माले बृहत् वाम एकता नगरी एकतामा जान नहुने भन्दै फरक मत राखेका छन् । उनले नेकपा एसलगायत दलसँग एकतामा नजाने बताएका छन् । केन्द्रीय सचिवालय बैठकपछि उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले राजनीतिक, वैचारिक, सैद्धान्तिक विषयमा सहमति भइसकेकाले नेकपा एसलगायत दलसँग एकता गर्ने निर्णय भएको जानकारी दिए । 'नेकपा एकीकृत समाजवादी, नेकपा समाजवादी (राज कार्की), जनसमाजवादी (सुभाषराज काफ्ले) नेपाल समाजवादी पार्टी (महिन्द्रराय यादव) र नेकपा (चिरन पुन) सँग पार्टी एकता गर्ने निर्णय भएको छ,' उनले भने, 'राजनीतिक, सैद्धान्तिक विषयमा सहमति भइसकेको छ । छिट्टै एकता हुन्छ ।'उनले तोकिएकै समयमा निर्वाचन गराउने वातावरण बनाउन पार्टी एकता हुन लागेको बताए । 'एकता ढिला गरियो भने राष्ट्र झन् संकटमा पर्छ । एकता गरी पहलकदमी लिएर समयमै निर्वाचनको वातावरण बनाउनुपर्छ ।'

उनले एकताको विपक्षमा उभिएका उपमहासचिव शर्माको अभिव्यक्तिलाई गैरराजनीतिक र अराजक भएको टिप्पणी गरे । 'जनार्दनजी तौरतरिका लोकतान्त्रिक, राजनीतिक छैन । अध्यक्षलगायत सबैले बस्नुस् छलफल गरौं । निष्कर्षमा पुगौंला भन्नुभयो । उहाँले मान्नु भएन,' उनले भने, 'उहाँको शैली जनवादी, लोकतान्त्रिक छैन । अराजक छ ।'

उपमहासचिव शर्माले राजनीतिक र वैचारिक धरातल छाडेर हुने एकतालाई समर्थन गर्न नसकिने बताए । 'पार्टीको सुदृढ नगर्ने, तलसम्म गुटबन्दी नगर्ने र आन्दोलनको भावनाविपरीत एकतालाई मान्न सकिँदैन,' उनले भने, 'बृहत् वाम एकता गरेर जानु पर्छ । यो विचार छोडेर एकता गर्नु विचलन हो । यो एकता माओवादीको पहिचान छाडेर हुन लागेको छ ।'

## मेची राजमार्गमा बिहान ६ बजेसम्म सवारी सञ्चालनमा रोक

झापा(प्रस) । मेची राजमार्गको इलाम खण्डमा शनिबार साँझ ७ देखि आइतबार बिहान ६ बजेसम्म सबै खालका सवारी साधन सञ्चालनमा प्रतिबन्ध लगाइएको छ ।



जिल्ला प्रशासन कार्यालय इलामले सार्वजनिक सूचना जारी गर्दै यो राजमार्गको माइखोला राजदुवाली खण्डमा सडक भासिनका साथै पहिरोले क्षति पुऱ्याएको सिमलगोलाई तिल्केनी वैकल्पिक मार्गको मर्मत कार्य जारी रहेकाले सवारी सञ्चालनमा रोक लगाएको हो । कात्तिक १३ गतेदेखि भइरहेको वर्षाका कारण राजदुवाली खण्डको सडक भासिएको छ । राजदुवालीको विकल्पका रुपमा रहेको तिल्केनी सिमलगोलाई खण्ड पनि क्षतिग्रस्त रहेको इलाम प्रशासनले जनाएको छ । असोज १८ र १९ गतेको भारी वर्षापछि गएको पहिरोका कारण मेची राजमार्गको इलाम खण्ड न्तर्गत राजदुवाली खण्ड १४ दिनसम्म अवरुद्ध भएको थियो । त्यसपछि कात्तिक १ देखि मर्मत गरेर सञ्चालनमा ल्याइएको यो सडक कात्तिक १३ देखि जारी वर्षाका कारण बिहीबार बिहानैदेखि अवरुद्ध छ ।

बाढी र पहिरोले तमोर करिडोर र फिदिम फालौट सडक खण्डसमेत अवरुद्ध छ । पानी परिरहेकाले यी सडक खुलाउन समस्या भइरहेको बताइएको छ ।

## एमालेको ११ औँ महाधिवेशन काठमाडौँमा गर्ने निर्णय

झापा(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११ औँ राष्ट्रिय महाधिवेशन काठमाडौँमा हुने भएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शनिवार भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकले पोखराको सट्टा काठमाडौँमा महाधिवेशन गर्ने निर्णय गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।



एमालेको गत असोज २९ देखि ३१ गतेसम्म काठमाडौँमा बसेको केन्द्रीय कमिटी बैठकले आगामी मंसिर २७ देखि २९ गते पोखरामा महाधिवेशन गर्ने निर्णय गरेको थियो । यसअघि पार्टीको नवौं महाधिवेशन पनि काठमाडौँमा गरिएको थियो भने १० औँ राष्ट्रिय महाधिवेशन २०७८ मङ्सिरमा चितवनमा गरिएको थियो ।

पार्टीको ११ औँ महाधिवेशनमा करिब दुई हजार १०० जना प्रतिनिधि सहभागी हुने बताइएको छ । शनिवार बसेको सचिवालय बैठकले महाधिवेशनका लागि प्रतिनिधि चयनको मापदण्ड बनाउँदै करिब दुई हजार १०० जना प्रतिनिधि सहभागी हुने निर्णय गरेको उपमहासचिव प्रदीप जानकारी दिए । महाधिवेशनका लागि मंसिर १३ गते एकैदिन देशैभर प्रतिनिधि चयन गरिने उनले बताए ।

उपमहासचिव ज्ञवालीका अनुसार केन्द्रीय कमिटीका ३५४ जना, अनुशासन आयोगबाट २९, केन्द्रीय लेखा आयोगका ३०, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्बाट २५/२५ जना प्रतिनिधि हुनेछन् । यस्तै, महाधिवेशनका लागि करिब ९०० जना प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कमिटी र प्रदेश कमिटीबाट सहभागी हुनेछन् ।

विशेष जिल्लाबाट ४७, दलितबाट ८१, ट्रेड युनियनबाट ४९, प्रवासबाट ३०, केन्द्रीय विभाग र पार्टीको केन्द्रीय कार्यालयबाट ३३ र २३ वटा जनसंगठनबाट १२७ जना महाधिवेशनमा प्रतिनिधि हुने पनि जनाइएको छ । महाधिवेशनका लागि ६ लाख ६७ हजार ६३० जना पार्टी सदस्यबाट नै विभिन्न अनुपातमा प्रतिनिधि चयन गरिने उपमहासचिव ज्ञवालीले बताए । प्रतिनिधि चुनिएको विवरण मङ्सिर १५ गते साँझसम्म पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्न अनुरोध गरिएको बताए ।

मुख्यतः प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई आधार मानेर प्रतिनिधि चयन हुनेछन् । एउटा निर्वाचन क्षेत्रमा एक हजार २०० पार्टी सदस्य बराबर दुई जना खुला, एक जना महिला र एक जना ४० वर्षमुनिका युवा गरेर चार जना प्रतिनिधि छनौट हुनेछन् । त्यसबाहेक हरेक ८०० जना सदस्य संख्या बराबर थप एक जना प्रतिनिधि चयन हुनेछन् । यसरी चुनिनेमा महिला हुनेछन् ।

महाधिवेशनमा सहभागी हुने प्रतिनिधि एक तिहाइ महिला सुनिश्चित गरिने उपमहासचिव ज्ञवालीले बताए । यस्तै, हरेक ५०० जना दलित सदस्य संख्या बराबर एक जना दलित, आरक्षण क्षेत्रमा ट्रेड युनियनबाट दुई जना खुलासहित सात जना प्रतिनिधि चयन हुने पनि उनले जानकारी दिए ।

यस्तै, प्रत्येक जनसङ्गठनबाट दुई जना खुलासहित पाँच जना अनिवार्य हुनेछन् । महासंघको ढाँचामा रहेका जनसंगठनबाट सात जना, हरेक ३२ वटा विभागबाट एक/एक जना प्रतिनिधि चयन हुनेछन् । प्रदेश कमिटीबाट तीन खुला र दुई जना महिला गरेर पाँच जना प्रतिनिधि चयन हुनेछन् । प्रवासमा प्रत्येक छ वटा प्रदेशस्तरका कमिटीबाट पाँच जनाका दरले प्रतिनिधि छनोट हुनेछन् ।

उपमहासचिव ज्ञवालीले ती प्रतिनिधिमा करिब पाँच प्रतिशत नबढ्ने गरी आवश्यकताअनुसार पार्टीले प्रतिनिधि मनोनयन गर्ने बताए ।

यसैगरी पार्टीले संविधान र लोकतन्त्रको रक्षाका लागि जनपरिचालन र काठमाडौँमा मंसिर ६ गते जनसभा गर्ने निर्णय गरेको छ । यस्तै, कात्तिक २२ गते वडास्तरमा भेला, कात्तिक २५ गते पालिकास्तरीय जनप्रदर्शन, कात्तिक २९ गते जिल्लास्तरीय जनसभा गर्ने निर्णय गरिएको उपमहासचिव ज्ञवालीले जानकारी दिए।

यस्तै, बैठकमा गत भदौ २० देखि २२ गतेसम्म विधान महाधिवेशनमा प्रस्तुत गरिएका दस्तावेजलाई सुझावसहित अन्तिम रूप दिने निर्णय गरेको छ । कात्तिक २० गतेसम्म प्रतिवेदनलाई अन्तिम रूप दिएर प्रकाशन गरिने जनाइएको छ ।

**मेचीनगरमा...**

४. धनुषा नगराईम - ५ बस्ने बर्ष ४० की निरु झा (टाउकोमा चोट अस्पताल तत्काल नखुलेको )

५. सप्तरी शम्भुनाथ नगरपालिका बस्ने बर्ष २३ का शंकर मण्डल (टाउकोमा चोट बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार हुँदै अबस्था सामान्य)

६. सप्तरी राजबिराज बस्ने बर्ष ७२ का राम प्रसाद पण्डित (आँखाको डिलमा चोट अस्पताल नखुलेको)

७. भारत डेमोपुर बस्ने बर्ष ७७ की राममाया लामा (अनुहार र टाउकोमा चोट बीएण्डसी अस्पतालमा उपचार हुँदै अवस्था मध्यम )

८. धनुषा जनकपुर -९ बस्ने बर्ष ६५ की प्रमिला यादव (निधार र मुखमा चोट बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार हुँदै अबस्था मध्यम)

९. सोही ठाउँ बस्ने बर्ष ४० की सरिता यादव (दुबै खुट्टामा चोट बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार हुँदै अबस्था सामान्य )

१०. धनुषा जनकपुर -९ बस्ने बर्ष १७ की दिया यादव (मुखमा चोट बीएण्डसी अस्पतालमा उपचार हुँदै अबस्था सामान्य )

११. धनुषा जनकपुर -९ बस्ने बर्ष १३ की आकृति यादव ( मुखमा चोट बीएण्डसी अस्पतालमा उपचार हुँदै अबस्था सामान्य )

१२. भारत कलकता बस्ने बर्ष ३२ का मोहमद साफिक शेख (कुम र दाहिने हातमा चोट बीएण्डसी अस्पतालमा उपचार हुँदै अबस्था सामान्य )

१३. धनुषा जनकपुर -९ बस्ने बर्ष ८ का हिमान्सु यादव ( सामान्य घाइते )

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

**फोन:**
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

**विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना**

**उपरोक्त सम्बन्धमा यस अनारमनी वितरण केन्द्र अन्तर्गत एसियन हाइवे निर्माणको क्रममा पोल स्थानान्तरण तथा गाडिएको पोलहरुमा लाइन तान्ने कार्यका लागि लाइन सटडाउन गर्नुपर्ने भएकाले मिति २०८२ कात्तिक १६ गते आइतबार बिहान ७ बजेदेखि १२ बजेसम्म दुर्गापुर फिडर र बिहान ७ बजेदेखि दिउँसो ४ बजेसम्म कन्काई फिडर अबरुद्ध हुने व्यहोरा जानकारीका आगि अनुरोध छ ।**

**विद्युत अबरुद्ध भएर पर्न गएको असुविधाप्रति अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।**

**- नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**




**कपुरी मोटोकर्प प्रा.लि.**
**बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## ओखती



• तृप्ति भण्डारी

डाक्टर साप,
औषधि दिनुस् न।
तर पेटको लागि होइन,
मुटुको लागि।
पेट त भोकले बानी परिसक्यो,
तर मन चाहिँ कहिलेकाहीँ एक्कासि पोल्छ।

पसिना बेचेरै आएको हुँ,
पाइलैपाइलामा धुलो टाँसिएको छ,
तर शरीरमा भन्दा बढी थकान दिमागमा छ, साब।
आमा बिहानैदेखि बोल्दिनन्,
कसैको घरबाट धुवाँ निस्कँदा
उनको आँखामा पानी आउँछ,
तर उनी रुन्नन्,
कसैले हाम्रो दुःख नदेखोस् भनेर।
बाबु खेतमा छन्,
धेरै बोल्दैनन्,
तर उनका हातका दागहरूले भन्छन्
"यो देश मान्छेको हो, तर मान्छे बेचिन्छ।"

छोरो पढ्न जान्छ,
तर उसको टिफिन खोक्रो हुन्छ,
र सपनाले पेट दुख्छ।
भोकसँग लुकामारी खेल्दै उसले भन्छ
"बा, पढेपछि सबै राम्रो हुन्छ?"
म भन्छु
"थाहा छैन बाबु, तर पढेपछि सोध्ने भाषा बदलिन्छ।"
उसले थप्छ
"बा, हामी किन मिठाई खाँदैनौं?"
म फेरि भन्छु —
"हाम्रा सपना मिठा छन् छोरा, भोकले पागल छ।"
साहु हिजो फेरि आए, झम्टिँदै भन्थे –
"पैसा कहिले तिर्छस्?"
म हाँसेँ, किनकि रुन त उहाँलाई ठट्टा लाग्छ।
ऋण त अब शरीरमै लेखिएको छ।

परदेश गएको साथीको चिठी आयो,
साथीले सोध्यो –
"त्यहाँ के चलिरहेको छ?"
मैले जवाफ दिएँ –
"त्यहाँ ड्युटी चलिरहेको छ,
यहाँ साहुका बोली चलिरहेका छन्,
देशमा गोली चलिरहेको छ।"
उसले लेखेको रहेछ – "यहाँ पैसा छ, मन छैन।"
म पनि पठाएँ –
"यहाँ मन छ, तर पैसा छैन।"
हामी दुईजनाको कथा एउटै हो,
फरक ठाउँको गरिबी मात्र।

राति आकाश हेर्छु,
तारा गन्नु मेरो खेल हो,
किनकि तारा गन्न पैसा लाग्दैन।
कहिलेकाहीँ सोच्छु
भगवान् पनि त सायद गरिबै हुन्,
त्यसैले त उनी पनि हामीजस्तै मौन छन्।
डाक्टर साब,
तपाईंको रिपोर्टले मेरो भोक नाप्दैन,
तर म बाँचिरहेको छु
र त्यही नै मेरो सबैभन्दा ठूलो कमाइ हो।
जीवन गाह्रो छ,
तर म हार मान्दिनँ।
म भोकसँग मिल्छु,
आमालाई हँसाउँछु,
छोरालाई सपना देखाउँछु।
किनकि यो देश म जस्ता मान्छेले नै बाँचेको छ
जो भोकसँग सम्झौता गर्छन्,
तर आशा कहिल्यै बेच्दैनन्।

साहुले फेरि पैसा माग्छन्,
तर हामीले दिन सक्ने कुरा मुस्कान मात्रै छ।
भोक र आशा एउटै खाटमा सुत्छन्,
र हाम्रो कथा हरेक गाउँलेसँग छ।
साब, मेरो छोराको सपना भोकै सुत्छ।
उसको भोकले मुटु पोल्न थालेको छ,
र म त्यसको लागि ओखती बनिरहेछु।
भोक मेरो साथी हो, साथीसँग डर हुन्न।

## म जस्तो फकिरसँग किन बिहे गर्न मरिहत्ते!



• रामचन्द्र अधिकारी

दसैंमा घर जान मन त थियो तर बासँग उनले भनेकै केटालाई खसम मान्न तयार हुनुपर्ने थियो। म नितान्त एक्लो भएँ। दसैंको मुखमा भाइलाई फोन गरेँ। दसैंमा घर जाने माहोल भाइले मिलाउला भन्ने थियो। मिलाएन। ऊ पनि कठोर सुनियो।

भन्दै थियो, 'शाखा अधिकृत भएकी मान्छे, त्यो जोगीसँग जान कति मरिहत्ते हो?'

भाइसँग थप बोल्नु थप वैमनस्यता निम्तनु ठानेर फोन काटिदिएँ।

सोच्दै थिएँ, भाइलाई दसैं खर्च हालिदिन्छु तर मन निमोठियो।

मलाई भन्दा पनि लेखकलाई भाइले जोगी भनेकोमा साह्रै मन फाट्यो। जसलाई म सर्वस्व ठानेर उसैलाई खोजिरहेको थिएँ।

लेखक थिए नै त्यस्तै त म के गर्न सक्थेँ!

बुर्तिबाङको २५ दिने बसाइँमा लेखकसँग झ्याम्मिएसी मलाई उधुमै मन पऱ्यो र जवानी नै उनको पासमा बिसाइदिएकोमा मलाई कुनै पश्चाताप नामको रौं जत्ति पनि विस्मात भएन र आजसम्म छैन पनि। लेखक मनमौजी थिए। उनी अरूलाई कुनै 'बाल' दिँदैनथे। तर यसरी भूमिगत होलान् भन्ने मलाई लागेको थिएन।

म लोक सेवा आयोगबाट शाखा अधिकृतमा नाम निकाली तोकिएको सेवा क्षेत्र कर्णालीको कालिकोट पुगेँ। ३ महिने लामो ट्रेनिङको क्रममा सुर्खेतको वीरेन्द्रनगर बसेँ। तर यही बीचमा लेखक हराए। फेसबुकमा उनका भावुक स्ट्याटस आउन छोडे। फेसबुक र मेसेन्जरमा लेखकको आइडी भेटिएन। पुराना मेसेजहरू मेसेन्जरमा हेर्न थालेँ। मेसेन्जरमा अब लेखक फेसबुक युजर भए। साँच्चिकै लेखक हराए। मोबाइल फोनमा नम्बर डायल गर्नु ब्यर्थ हुन्थ्यो। फोन सधैं स्विच अफ थियो। मेरो जीवन तनावमा बित्न थाल्यो।

काठमाडौं फर्किएँ। घरबेटी आमोइले मलाई शाखा अधिकृतको जागिर नफापेको बताइन्। जातमा नमिल्ने भए पनि उनको 'गजडी' छोरालाई सुधार्ने सर्तमा बिहे गरिदिन तयार भएको बताइन्।

मैले कुनै प्रतिवाद गरिनँ।

कोठाको 'किरिया' बुझाएँ र हिँडिहालेँ।

मसँग ७ दिनको समय थियो। पागल लेखकको घर नै जाने निधो गरेँ। फूलपातीको अघिल्लो दिन नै गाडीमा सिट पाउन मुस्किल थियो।

लेखककी पूर्वप्रेमिका अनलाइन थिइन्। च्याटमा निकैबेर गफ्फियौं। उनले 'डिभोर्स' गरिछिन्। मैले लेखक हराएको कुरा गरेँ।

लामो गफगाफपछि लेखककी पूर्वप्रेमिकाले आफू कहिल्यै लेखकको अगाडि पर्न नसक्ने बताई। जीवनको घुम्तीहरूमा लेखकजस्तो खसम पाउनु त सौभाग्य थियो।

बैश्य युगमा पनि 'युधिष्ठिर' भेटिएका थिए तर म अमेरिका जान पाउने लोभले बहकिएँ। विचरा ती लेखक मलाई खोज्दै मेरै बिहेको दिन मेरो घर चरिकोट आइपुगेका थिए। तिनको मनमा कति हुण्डरी चल्यो होला? अदृश्य पहिराहरू मनमनै कति बगे होलान्? उनलाई मेरो बिहेको जग्गेमा देखेसी म काठको मुडो बराबर भएँ। हाम्रा कति त अश्लिल फोटाहरू लेखकको आइफोनको फोटो ग्यालरीमा सुरक्षित थिए। लेखकले मेरो बिहे धावा बोलिदिन सक्थे। बिहे भाडी दिन सक्थे। तक्षण भाँडभैलो मचाइदिन सक्थे। तर मनभरी सामुद्रिक छालको परबाह नगरी लेखक सुटुक्क आफ्नो बाटो लागे।

म र लेखक करिब ७ वर्ष ढुकुरका भालेपोथी जसरी चुम्माचाटी गर्दै जापानको नागोया सहरमा मस्तसँग जवानी साटेका थियौं। यत्ति भनिसकेर लेखककी पूर्वप्रेमिका 'अफलाइन' भई। खुर्कोट उत्रिएँ।

असोजको दोस्रो भए पनि बि.पी राजमार्गको अन्तर्गतको ठूलो सहर खुर्कोटमा सिमसिमे पानीले स्वागत गऱ्यो। यात्रुहरू हिले दसैं हुने भयो भन्दै पिरलो मान्दै गाडीबाट ओर्लिन्थे। जाडो पनि भयो। बेनामी होटलमा पसेँ। कफी पिउने मन भए पनि चिया नै अर्डर गरेँ।

गुगल म्यापमा गएर डाँडाकटेरी सर्च गरेँ। पसलकी साहुनीलाई सोधेँ 'डाँडाकटेरी जाने अटो पाइन्छ दिदी?' पाइएला तर दसैंका सवारी साधन हुन्, बैनी।

जबाफ अनिश्चित आयो। साहुनीले चिया टर्क्याइन्। मलाई शिरदेखि पाउसम्मै हेरेसी साहुनीले प्वाक्क भनिन् 'डाँडाकटेरी कसकी छोरी नानी?अलिकति मान्छे त चिन्छु नि।'

मैले लेखकको नाम बताएँ।

तर लेखक डाँडाकटेरीका होइन रहेछन्। पसलकी साहुनीले अरू थप एक जनालाई लेखकबारे सोधपुछ गरिन्। मेरो मोबाइलमा भएका लेखकका फोटाहरू देखाइन् तर अफशोच लेखकलाई चिन्दै चिनेनन्।

मलाई अनौठो लाग्यो कि लेखक बुर्तिबाङमा भेटिएका थिए, बडिगाड नदीमा हामी बिहानै पुगेर नुहाएका थियौं। लेखकको डायरीको अन्त्यमा आफ्नो नाम पछि ठेगाना लेख्या थिए, डाँडाकटेरी, सिन्धुली।

तर लेखक डाँडाकटेरीका त होइन रहेछन्।

म खङ्कै भएँ। मनमा अनेकौ तरंगहरू आए। गए। ऐतिहासिक सिन्धुलीगढी नजिकै भए पनि त्यहाँ पुग्ने जोस र जागर बाँकी थिएन।

लेखककी पूर्वप्रेमिका अनलाइनमै थिइन्। सोधीहालेँ, लेखकको 'एक्ज्याक्ट' ठेगाना तपाईंलाई थाहा होला?

लेखककी पूर्वप्रेमिकाले लेखकले लेखेको डायरीको एक पाना मलाई 'सेन्ड' गरिन्। डायरीको अन्तिम हरफमा डाँडाकटेरी होइन, सिकरकटेरी लेखिएको थियो।

तर खुर्कोटभरि सोध्दा पनि सिकरकटेरीको कुनै सानो संकेत पाइनँ।

फेरि लेखककी पूर्वप्रेमिकालाई सिकरकटेरी पुग्न नसकेको दुःखेसो पोखेँ।

ठ्याक्कै भन्न नसकेनी लेखककी पूर्वप्रेमिकाले सिकरकटेरी पुग्ने केही 'हिन्स'हरू दिइन्। दिन ढल्दै थियो तर मलाई लेखकको थाकथलो पुग्नु थियो।यहीँबाट २५ मिनेट जति लाग्छ, सिकरकटेरी। मलाई यत्ति जबाफ दिएर ती दाइ धमाधम आफ्ना ग्राहकलाई 'आँटी' जोख्नमा व्यस्त भए। लेखककी पूर्वप्रेमिकाले बताएको लोकेसनले काम गरेको थियो। उनलाई 'थ्याङ्क यू' पठाउन पनि मोबाइलमा 'फोर जी' चलेको थिएन।

'माइते दाइ घर हिँडेका हौ? मलाई सिकरकटेरी पुग्न २५ मिनेट लाग्छ' भन्ने दाइले कसैलाई प्रश्न गरे।

माइते दाइले 'जाने हो त भनेनन् तर भने 'म नौबिसे खेत पुगेर मात्रै सिकरकटेरी उक्लन्छु।' 'उहाँ बैनीलाई पिपलबोटे बज्यैका लगिदेऊ न है।'

माइते दाइले हुन्छ भनेनन्, हुन्न पनि भनेनन् तर आँटी जोख्दै ती दाइले माइते दाइलाई पछ्याउन भने।

म माइते दाइको पछिपछि हिँडेँ।

दिनभरिको आँटीको व्यापारले माइते दाइ थाकेका थिए। कसैले फोन गऱ्यो। माइते दाइले (अ)रसिलो जबाफ दिए।

माइते दाइसँग बोलम् कि नबोलम् भैरह्यो। नबोल्दा कुराको पोयो फुक्दैनथ्यो। फोनमा समेत जर्रो बोल्नेले के सवाल जबाफ गर्लान् भन्ने लागिरह्यो।

'दाइ आँटी कस्तो फल हो?' सोध्नलाई यो भन्दा उपयुक्त प्रश्न मसँग थिएन पनि। मलाई आँटी फलबारे बुझ्नु पनि थियो। म भन्ठान्थेँ आँटी भन्नु सिताफल र सरिफा जस्तै हो। तर आँटी जोख्ने दाइले होइन कि होइन भनिरहे। तर माइते दाइ मसँग भने नरम बोले।

'खै नानी हामीकहाँ पाइने आँटी घुर्मीदेखि दुम्जासम्म मात्र पाइन्छ भन्छन्। वर्षमा मेरो ३ महिने जीवन त यही आँटीबाटै धानिन्छ। म जान्दिनँ पनि नानी कुन सिलाफल हो? कुन सरिफा हो? कुन आँटी हो? बिरालो कालो होस् कि सेतो होस्, मुसा मारे भैतगो। तर राजमार्गमा आँटी किनेर खानेहरूले भनेको सुन्या हुँ, आँटीको स्वाद सिताफल र सरिफाभन्दा फरक छ।'

मैले लेखकको फोटो देखाएँ। केही बोलेनन्। 'घरबार गरेनन्, जोगी बने।' माइते दाइले त्यत्ति भने

आकाश पानी पार्ने सकसमा थियो। माइते दाइले गँगटे खोलाको ढुंगामाथि बसेर सालको पातको लामो बिँडी सुर्किए। अर्को बिँडीलाई तयार बनाएर खल्तीमा घुसाए।

लेखककी आमोई रहिछिन्। अँगेनाको डिलमा थिइन्। उमेर बयोवृद्ध थियो। अनुहारका दुःखहरू सजिलै पढ्न सकिन्थ्यो। माइते दाइले लेखकको कुरा नझिक्नु भनेका थिए। बुढी आमोईलाई दसैंको माहोलमा थप मन फाटिन्छ भन्ने माइते दाइको तर्क थियो।

लेखक पुरापुर हिमाल चढ्न गएको ठोकुवा माइते दाइले गरे।

ऊ हामीजस्तो कामकाजी र परिवारबादी मान्छे होइनन्।

उनीसँग प्रचुर प्रज्ञान थियो तर स्कुलमा पढाएर आफ्नो ज्ञान बाँडेनन्। जवानीमै विदेश पुगेका थिए। जापानिज तरूनीका सेता तिघ्रासँग भुलेनन्।सिकरकटेरीमै फर्किएका थिए। उनलाई यहाँको स्थानीय राजनीतिसँग घोर 'नफ्रद' थियो। तर सबैसबै त्यागी दिए। उनको भूमिका सिकरकटेरीमा खाँचो थियो तर ऊ 'भन्ते' बनिदियो।

लेखक जत्तिकै लेखकको निवास बडो उदासलाग्दो थियो। आँगनमा लेउ र झ्याउ पलाएका थिए।

जसरी बटौलीको बसपार्कमा पहिलो पटक भेटिएका लेखक असरल्ल थिए।उनको घर त्यत्तिकै उदास र फुङ्ग थियो।

तर माइते दाइको घर गुलजार थियो।

मासुका अनेकौं परिकार पाक्दै थिए। छोयलासँग खयरको तातो रक्सी मैले इन्कार गरिनँ।माइते दाइले लेखक फर्किनेमा ढुक्क हुनुस् भने। 'तपाईं र मेरो मायाले होइन उनकी बयोबृद्ध आमोईको मायाले ऊ पक्का सिकरकटेरी आइपुग्छ।'

यस्तै गफगाफ भयो। राति सुत्नलाई माइते दाइले लेखककै घर लागिदिए। ५० मिटरको दुरी थिएन पनि।

लेखककी आमोईले माइते दाइलाई केही भनिन्।

'बुहारी क्या!'

माइते दाइले सटिक जबाफ दिए।

खाली कफीका बट्टाहरू।

खाली भोड्काका बोतलहरू।

चुरोटका सयौं ठुटाहरू।

असरल्न किताबहरू।

अनि पेज नम्बर लेखेर नमिलाई राखिएका 'ए फोर' साइजका पान्नाहरू।

अझै ओछ्यानको हबिगत बताउन लायक छँदै थिएन।

लेखकको कमरा सबै सफा गरेँ।

५१५ एफोर पान्नाहरूको 'बोथ साइड' लेखिएका थिए। मिलाएँ। उनको आफ्नै बियोगान्त प्रेम कथा थियो। लेख्दा लेख्दै आँसु बगाएका अश्रुजल पान्नामै थिए। चुरोटको धुलो पनि भेटिन्थ्यो।

'यो प्रेम बियोगले मात्रै लेखिएको 'नोबल' हो। यदि हाम्रो प्रेम प्राप्तिमा बदलिन्थ्यो

❖ बाँकी पृष्ठ ३ मा

## भूकम्प (कथा)



• भाउपन्थी

आज बिहान ऊ कतै डुल्न गएन। सधैं बिहान ऊ कतै न कतै गइरहन्थ्यो। आज बिहानै भूकम्प गएपछि ऊ डरायो। कतै हिँडिरहेको बेला भूकम्प आएर थिचिने पो हो कि ? उसको डेरा पनि साँगुरो गल्लीको अन्तिम अन्तिमतिर छ। कोठाबाट निस्कँदैमा दुई अग्ला अग्ला बिल्डिङहरूको चेपबाट हिँड्नुपर्ने हुन्छ। धेरै लामो अन्तरालसम्म भूकम्पको भयावहता उसले बिर्सिसकेको थियो भन्न सकिन्न किनभने अन्तरमनमा कतै कम्पको भय दबेर बसेको थियो। ऊ झस्किन्थ्यो पनि कम्प गयो कि भनेर तर आज बिहान वास्तवमै भूकम्प गएपछि उसलाई अत्यन्त डर लाग्यो। समय जाडोको छ। पुस महिना हो यो। आजै फेरि भूकम्प जान तय भएको रहेछ। प्रकृतिको कुनै भरोसा छैन। प्रकृति क्रुद्ध भएको छ भनिन्थ्यो। बर्खामा भने उसको गल्लीभित्र पानी जमेको हो। धन्न उसले माथिल्लो तलामा कोठा लिएको थियो- दुई कोठा एक भान्सा तर चर्पीका लागि तलै जान पर्थ्यो। सस्तो पाइयो भनेर लिएको थियो कोठा। घाम पर्दैनथ्यो। पुसको महिनामा मात्र घाम नपर्ने होइन, चैत वैशाखमा पनि घामको अनुहार देख्न पाइँदैनथ्यो। पत्नी करकर गरिरहन्थी- बरु एक छाक खाने, अर्को कोठा खोजेर सरौं। भन्न त सजिलो थियो, केटाकेटी भोक लाग्यो भनेर चम्चाले थाल बजाउन थाल्थे। हुन त उसको विचार पनि यही थियो, भने जस्तो अर्को कोठा पाएसम्म सर्ने तर त्यो भइरहेको थिएन।

त्यसमाथि आज बिहान एकाएक भूकम्प गइदियो। कमको होइन, सात रेक्टर स्केलको। शक्तिशाली नै हो। जति रेक्टरको गए पनि भूकम्प भनेपछि मन काम्दो रहेछ डरले। यो अनुभव उसलाई भइरहन्थ्यो, भूकम्प जाने आशङ्काले। उसको परिवारले भूकम्पको अनुभव गरेको थिएन। मधेशबाट यसै वर्ष उसले लिएर आएको थियो। मधेशमा शीतलहरको प्रकोप थियो। गरिब र विपन्न मान्द्रो र बोरा ओढेर जाडोबाट बच्ने उपाय गर्थे। परिवारसहित पछि सरुवा मागेर मधेश झर्ने उसको विचार थियो। काठमाडौंमा खर्च धान्नै गाह्रो।

खर्च त जसोतसो धानिराखेको थियो, तलका खेतको उब्जनी धानको चामल कुटाएर छ महिनालाई पुग्ने गरी उसका बाआमाले पठाइदिन्थे। आज भने बिहान गएको भूकम्पले उसलाई काठमाडौंको बसाइ छोट्याउन बाध्य पार्ला जस्तो थियो। भूकम्पले भत्केको घरले किचिएर मरिने हो कि भन्ने भयले उसलाई र परिवारलाई सताउन थालेको छ। अफिस पुगेपछि उसले मधेशतिर लाग्ने विचार सुनायो। सरुवा पाएसम्म मधेशतिरै जाने। उसको साथी उमेश भने यसमा सहमत हुन सकेन, भन्यो, "कालगति भनेको जहाँ पनि एकैनासको हुन्छ। जहाँ पनि सङ्कष्ट आउँछ। मधेश गएर अजम्बरी भइने होइन।" उसका कुरा यस्तै ठाडा हुने गर्छन्। के गर्नु, एउटै फाँटमा काम गर्ने सहकर्मी हो। त्यसैले ऊ चुप लाग्यो। उमेशले भनेको हुन त हो- कहाँ गएर के हुने हो र ? मृत्युवरण गर्नेहरू जता पनि जसरी पनि मृत्युको मुखमा पुगेकै हुन्छन्।

कोही त्रिवेणीमा बससहित खसेर बेपत्ता भएका हुन्छन्। कोही बोलेरो जिपबाट चार सय मिटर तल खसेर ठहरै भएका हुन्छन् त कोही करेन्ट सर्ट भएको आगलागीमा परेर, कोही ग्यास सिलिन्डर विस्फोट भएर त कोही फालेको बम खोस्रेर हेर्ने हुँदा पड्केर, कोही उपचारकै क्रममा वैकुण्ठवासी भएका हुन्छन्। मृत्युको भरोसा छैन। 'आयो टप्प टिप्यो लग्यो' भन्ने प्रसिद्ध कविताको पङ्क्ति छँदै छ तर उसको मनले मानिरहेको छैन। कालले टिपेको क्षणदेखि नै मृत्यु भइसकेको हुन्छ तर मृत्यु हुनुमा फरक छ। भूकम्पको मृत्यु र दुर्घटनाको मृत्यु अलग हो तर कसरी ? उसले फरक गर्न सकेन। दिमागमा मृत्युसम्बन्धी चिन्तनले खलबली ल्याइदियो। उसले आफ्नो आसनमा बस्नुअघि सहकर्मीहरूको कुरा सुन्यो। भूकम्पले गरेको जनधनको क्षतिको विवरण आउनै बाँकी छ भनियो तर भूकम्प नेपाल-चीन सीमामा गएको भन्ने समाचार प्रसारमा आइसकेको थियो।

एउटा अनौठैको अनुभव हुने रहेछ भूकम्प भन्नु। उसको बिहानै उठ्ने बानी थियो र 'मर्निङ वाक' मा निस्कने पनि गर्थ्यो। दुध एक प्याकेट किनेर घर फर्कन्थ्यो तर आज त्यसो हुन पाएन। दुध पत्नीले नै डराई डराई तलको रासन पसलबाट ल्याई। सिँढी ओर्लन पनि उसलाई हतार भएको थियो, भूकम्पको डरले। उसले चेतायो पनि, "सिँढीबाट बल्ड्याङ खाइएला, सचेत भएर ओर्ल !" मधेशकी थिई पत्नी। भूकम्पको पहिलो अनुभव थियो। ओछ्यानमै बसेर रुन थाली- अब प्रलय आउन थाल्यो। हामी कोही पनि बाँच्दैनौं भन्ने त्रासले।

भूकम्पले घर हल्लियो। हल्लिएपछि भूकम्प शान्त भएपछि घर स्थिर पनि भयो। उनीहरू पनि बाहिर निस्के। बाहिर झन् साँगुरो थियो, बिल्डिङैबिल्डिङ। एकमाथि अर्को खप्टिएर गल्लीमा त्राण खोज्न उभिएकाहरूलाई थिचेर एकै चिहान बनाउला जस्तो। ७२ सालको भूकम्पको अनुभव छ उसलाई। त्यसैले पनि उसलाई अरू दुर्घटनाभन्दा यो प्राकृतिक प्रकोप भूकम्पको अति डर लाग्छ। यो त राति मस्त निद्रामा भएको बेला एक्कासि आइदिन पनि सक्छ। आउने गर्छ। आज बिहान पनि यो पूर्वसूचना नदिएरै आएको हो। भूकम्प आएको पहिले उसले नै अनुभव गऱ्यो। सुदूरपश्चिमतिर गइरहेको थियो भूकम्प। कहिले बझाङ, कहिले अछाम त कहिले मुगु। अफवाह थियो यस पटक सुदूरपश्चिमको पालो हो ठुलो भूकम्प खेप्ने। भूकम्प जाने पालो तोकिएको थियो। त्यो सूचनाले उसको दिमागमा डरको छेनी-हतौडाले कपेर बसेको रहेछ।

आज बिहानको भूकम्प यसरी आउला भन्ने त थिएन तर उसले देख्यो एकाएक झ्यालका पर्दाहरू हल्लन थालेका छन्। ऊ सुतेको थिएन। जागिसकेको थियो। हातमुख धोइवरि पलङमाथि बसेको थियो। पत्नी हिजो बचाएर राखेको दुध मिसाएर चिया पकाउन लागेकी थिई। ऊ दुध नभए कालै पनि पिउँथ्यो। पलङ हल्लियो। कोक्रो सुस्त सुस्त हल्लाए जसरी तर भूकम्पको झट्काको अनुभव फरक फरक हुन सक्छ। उसले निदाउन कोक्रोमा हालिएको बच्चालाई सुस्त सुस्त हल्लाए सरह घर हल्लिएको अनुभव

